आज मिति २०७६।११।१६ गते शुक्रबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी. ज्यूको अध्यक्षतामा दार्मा गाँउकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| ३. श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४. श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५. श्री सेतिराम रोकाहा | वडा नं.३ ,वडा अध्यक्ष |
| ६. श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. श्री रामबहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| १०. श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. श्री मन्जु शाही | कार्यपालिका सदस्य |
| १३. श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री किरण गौतम | रोजगार संयोजक |
| १७. श्री खुमबहादुर के.सी. | जिन्सी शाखा प्रमुख |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. समपुरक तथा विशेष अनुदानतर्फका योजना छनौट सम्वन्धमा ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा ।
३. कार्यविधि संशोधन सम्वन्धमा ।
४. आशा परियोजना नमुना कृषि गाउँ छनौट सम्वन्धमा ।
५. जनज्योति मा.वि. विज्ञान भवन मर्मत सम्बन्धमा ।
६. बेरुजु फछ्र्योट समिति गठन सम्वन्धमा ।

**निर्णयहरु :**

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा कर्णाली प्रदेश सरकारवाट मिति २०७६/११/०८ गते प्रकाशित समपुरक तथा विशेष अनुदान प्रस्ताव आह्वानसम्वन्धी सूचना अनुसार दार्मा गाउँपालिकाका तपसिल बमोजिमका योजनाहरुलाई समपुरक तथा विशेष अनुदान मागका लागि छनौट गरी पठाउने निर्णय गरियो ।

### समपुरक योजनातर्फ

| क्र. सं. | वडा नं. | योजना | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २ | मौलेखाली-सिलिङ्गी-भुरुडखोला सडक स्तरवृद्धि | ६,१६,४८,७९१.०० | |
| २. | १ | गगने खोरिया-घैयाडाँडा-खारा-गोडवाड-भोफाल्ना-ढाकीबारा खानेपानी आयोजना | १,३०,१२,१६५.२४ | |
| ३. | १, २ | उम्मगाउँ-ठानागाउँ-विष्टगाउँ-लाँकुरीबोट-नुवाकोट सडक स्तरवृद्धि | ४,१६,०८,६५३.५३ | |

### विशेष योजनातर्फ

| क्र.सं. | वडा नं. | योजना | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २ | कर्जेखोला-लिरापाजा लिफ्ट खानेपानी आयोजना | ४०,१२,६९३.४५ | |
| २. | ३ | बेतिनीखोला-सुवाखोला लिफ्ट खानेपानी आयोजना | ८७,९९,५८२.०२ | |
| ३. | ५ | कृषि उपकरण अनुदान | ४०,००,०००.०० | |
| ४. | ४ | पालिका अस्पताल भवन निर्माण | ९,६५,९७,४०५.०० | |
| ५. | ६ | कैलासीखोला-ज्यामिरेचौर-सिडारीकोट खानेपानी आयोजना | ९०,४२,६५१.२८ | |
| ६. | १ | सिमखोला-विष्टगाउँ लिफ्ट खानेपानी आयोजना | १,२४,७९,४५३.६३ | |
| ७. | ६ | सूर्योदय मा.वि. गोठीवनको कृषि प्राविधिक शिक्षालयको भवन निर्माण | २,००,००,०००.०० | |

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनका लागि प्राप्त सशर्त अनुदान रकम ६८ लाख ८० हजार रुपैयाँलाई वडागत रुपमा माथिल्लो प्राथमिकतामा रहेका तपसिल बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो । साथै ६ वटै वडाका एक/एक ओटा योजनामा रकम बाँडफाँडबाट बचेको रकमबाट प्राथमिकताक्रम २६ मा रहेको सतिपोले-बाघखोर-सेताढाँर सडक स्तरवृद्धि (३ वटा वडाका बासिन्दालाई सहज हुने) योजनालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

### तपसिल

| वडा नं. | प्र.रो. का. प्राथमिकता क्रम | आयोजना | कुल लागत रकम (रु.) | कुल लागतमा श्रमको प्रतिशत | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | ५ | मैदान-पैयाँडाँडा-भदालेखोला-सडक स्तरवृद्धि | ९,९९,८२३.८० | ७२% | ७२.५१ |
| २ | ६ | गाइङ्गेखोला-झ्यारिवाङ सडक स्तरवृद्धि | ९,९४,४४५.८८ | ७२% | ७८.७४ |
| ३ | २५ | चम्फुटाकुरा-धुलखर्क-भातमारे-बसेरी सडक निर्माण | ९,४६,०५०.०० | ९४% | ४७.०८ |
| ४ | १ | मौलाहाले-रतिखोला-मसानघाट गोरेटोबाटो निर्माण | ९,६४,६००.०० | ९४% | ७८.३३ |
| ५ | ८ | सोतेराखोला-डुमटाकुरा सिंचाइ कुलो निर्माण | ९,९७,९२०.४४ | ७५% | ६६.०४ |
| ६ | १८ | सिमखोली-भूर्तिवाङ-पातिहाल्ना सडक स्तरवृद्धि | ९,९६,८४४.०९ | ७७% | ५४.८८ |
| | २६ | सतिपोले-बाघखोर-सेताढाँर सडक स्तरवृद्धि | ९,९५,०२७.३० | ७५% | ४७.०८ |
| | | जम्मा | ६८,९४,७११.५१ | - | - |

३. **प्रस्ताव नं.** ३ माथि छलफल गर्दा 'घ' वर्गको निर्माण व्यवसायीसम्बन्धी कार्यविधिको अनुसूची ५ को 'घ' वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यताअन्तर्गत दफा ३ मा रहेको मेसिन उपकरणमा हाइड्रोलिक ट्रेक्टर-१ थान, ट्रेक्टर-१ थान, मिक्स्चर-१ थान, Theodolite/Level Machine-१ थान, भाइब्रेटर-२ थान हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

४. **प्रस्ताव नं.** ४ माथि छलफल गर्दा आशा परियोजनाअन्तर्गत नमुना कृषि गाउँ वडा नं. ३ लाई छनौट गर्ने निर्णय गरियो । साथै नमुना कृषि गाउँ निर्माणका लागि गाउँपालिकाले समेत आवश्यक बजेटमा साझेदारी गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं.** ५ माथि छलफल गर्दा वडा नं. ३ स्थित श्री जनज्योति मा.वि. फारुलाचौरको विज्ञान भवन मर्मतका लागि सडक तथा विद्यालय मर्मत शीर्षकबाट खर्च हुनेगरी ३ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

६. **प्रस्ताव नं.** ६ माथि छलफल गर्दा दार्मा गाउँपालिकाको बेरुजु फछ्यौंट गर्नका लागि तपसिल बमोजिमको बेरुजु फछ्यौंट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| योजना शाखा प्रमुख | सदस्य |
| जिन्सी शाखा प्रमुख | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य सचिव |

आवश्यक परेको खण्डमा आवश्यकताअनुसार आमन्त्रित सदस्य राख्न सकिने छ ।